स्थायी लेखा नं.: ३०३४२५०२७ समाज कल्याण परिषद् आवद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३

# नेपाल इन्जिनियर्स एशोसिएसन

**केन्द्रीय कार्यालय**
**पुल्चोक, ललितपुर**


३३ औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
ई. डा. हरि बहादुर दर्लामी

उपाध्यक्ष
ई. डा. नारायण प्रसाद अधिकारी

महासचिव
ई. रवि भुषण झा

उप-महासचिव
ई. सरोज धिताल

कोषाध्यक्ष
ई. दिनेश त्रिपाठी

सह-कोषाध्यक्ष
ई. दिपक अधिकारी

सदस्यहरु
ई. मनिष मल्लिक
ई. सागर भट्टराई
ई. कुशलता न्यौपाने
ई. हरिनारायण राय यादव
ई. सुरज चापागाई
ई. निशान नेपाल
ई. बिद्या बराल
ई. बिनोद बहादुर पाल
ई. ईश्वर पोखेल
ई. अनुपम पराजुली
ई. अशेष निरौला
ई. खुम बहादुर भण्डारी
ई. रण बहादुर बम (सुदूरपश्चिम प्रदेश)
ई. रोशन सुवेदी (कोशी प्रदेश)
ई. विनोद पुन (कर्णाली प्रदेश)
ई. रविन्द्र लाल मुल (गण्डकी प्रदेश)
ई. विश्व रञ्जन मिश्र (लुम्बिनी प्रदेश)
ई. सुव्रत अर्याल (बागमती प्रदेश)
ई. संजय कुमार यादव (मधेश प्रदेश)


मितिः २०८०।०९।१२

## निजी तथा गैर सरकारी क्षेत्रमा कार्यरत इन्जिनियर/आर्किटेक्टहरूको न्यूनतम पारिश्रमिक निर्धारणका सम्बन्धमा जारी सार्वजनिक अपिल !

नेपालमा निजी तथा गैर सरकारी क्षेत्रमा काम गर्ने इन्जिनियर/आर्किटेक्टहरू करिब ७० प्रतिशतको हाराहारीमा रहेको कुरा आकँडाले देखाउँछ । देशको समृद्धि र विकासका लागि सरकारी सेवामा कार्यरत इन्जिनियर (प्राविधिक जनशक्ति) ले जतिकै निजी क्षेत्रमा कार्यरत इन्जिनियर/आर्किटेक्टहरूले आ-आफ्नो स्थानबाट बराबरी योगदान पुऱ्याई रहेको कुरा सर्वविदितै छ । यद्यपी सरकारी सेवाको तुलनामा निजी क्षेत्रका इन्जिनियरहरूको सेवा सुविधा तथा पारिश्रमिकको अवस्था हेर्दा संस्था पिच्छे फरक फरक रहेको र तुलनात्मक रुपमा निकै असमानताहरू छन् । मुलुकमा ऐतिहासिक राजनैतिक परिवर्तन पश्चात संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गर्ने प्रक्रिया अगाडी बढिरहेको वर्तमान अवस्थामा इन्जिनियरहरूको पेशागत हकहितका लागि नेपाल इन्जिनियर्स एशोसिएसनले सरकारी तथा निजी क्षेत्रमा कार्यरत इन्जिनियरहरूको पेशागत उन्नयन तथा विकासका लागि निरन्तर रुपमा सकारात्मक पहल गर्दै आइरहेको छ । नेपालको संविधान २०७२ को मौलिक हक सम्बन्धि धारा ३४ मा "प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ" भन्ने व्यवस्था रहेको छ ।

उक्त व्यवस्था लगायत श्रम ऐन एवं नेपालको प्रचलित कानून बमोजिम इन्जिनियर पदमा निजी क्षेत्रमा रोजगारी प्राप्त गर्ने व्यक्तिले उसको पद, योग्यता र योगदानको आधारमा निजले उचित पारिश्रमिक पाउनु पर्दछ भन्ने नै प्रमुख शर्त हो । त्यसकारण हाल निजी क्षेत्रमा कार्यरत इन्जिनियरहरूको न्यूनतम पारिश्रमिक निर्धारणको कुनै मापदण्ड रहेको पाँइदैन र यस सम्बन्धी कुनै नीतिगत व्यवस्था नभएको हुँदा यसलाई संस्थागत गर्न राज्यस्तर र निजी क्षेत्रका रोजगारदाता संस्थाहरूको अहं भूमिका तथा दायित्व हुन जान्छ । न्यूनतम पारिश्रमिक निर्धारण गर्नु पूर्व निजी क्षेत्रसँग सम्बन्धित उद्योग व्यवसाय, परामर्श सेवा, प्राज्ञिक क्षेत्र, निर्माण, उद्योग, सूचना प्रविधि क्षेत्र लगायत सरोकारवाला रोजगार दाता संघ संस्थाहरुसँग एशोसिएसनले गरेको चरणवद्ध छलफल पश्चात यसको अध्ययन तथा विश्लेषणका लागि Online Survey मार्फत सुझावहरू समेत माग गरियो जसको आधारमा सरकारी सेवामा कार्यरत इन्जिनियर/ आर्किटेक्टहरूले हाल खाइपाइ आएको मासिक जम्मा पारिश्रमिकको ८५ प्रतिशतले नघट्ने गरी निजी क्षेत्रमा कार्यरत इन्जिनियरहरूको न्यूनतम पारिश्रमिक तोक्ने मापदण्ड तय भइ जम्मा **रु. ३७,१३५।- (सैतिस हजार एक सय पैतिस रुपैयाँ)** प्रति महिनाको न्यूनतम पारिश्रमिक हुनुपर्ने निर्णयमा नेपाल इन्जिनियर्स एशोसिएसन पुगेको हुँदा यो निर्णयलाई नेपाल सरकार लगायत निजी क्षेत्रका सम्पूर्ण रोजगारदाता संघ संस्थाहरू तथा सरोकारवाला निकायहरूले ग्रहण गरिदिनुभई कार्यान्वयनमा लैजान सहयोग गरिदिनुहुन नेपाल इन्जिनियर्स एशोसिएसनको तर्फबाट सार्वजनिक अपिल गर्दछौं ।

इ. रवि भुषण झा
महासचिव

इ. डा. हरि बहादुर दर्लामी
अध्यक्ष

ठेगाना: इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोन: ०१-५०१०२५१, ५०१०२५२, ५०१०२५३
ईमेल : info@neanepal.org.np, URL: www.neanepal.org.np